बैठक संख्या: ६५

आज मिति २०८२ साल असार ५ गते बिहीबार दिनको २:०० बजे देहायका विषयहरूमा छलफल गर्न नगर प्रमुख श्री शान्ति रत्न शाक्यज्यूको अध्यक्षतामा निम्नानुसारका सदस्यहरूको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरू गरेको छ।

-:: उपस्थिति ::-

| क्र.सं. | पद | नाम,थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्ति रत्न शाक्य | |
| २ | उप प्रमुख | श्री विमला सापकोटा दाहाल | |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | |
| ४ | सदस्य (वडा नं. २) | श्री राम प्रसाद घिमिरे | |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | |
| ६ | का.वा. सदस्य (वडा नं. ४) | श्री प्रेमकाजी श्रेष्ठ | |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | |
| ११ | का.वा.सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्र बहादुर खड्का | |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | |
| १४ | सदस्य (वडा नं. १२) | श्री राम बहादुर कुँवर | |
| १५ | सदस्य (वडा नं. १३) | श्री राम लाल दुवाल | |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | |
| १७ | सदस्य | श्री सुभद्रा बजगाईं | |
| १८ | सदस्य | श्री समिता थापा | |
| १९ | सदस्य | श्री ज्योती बोगटी | |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | |
| २२ | सदस्य | श्री विक्रम भुजेल | |
| २३ | सदस्य | श्री कमला परियार | |
| २४ | सदस्य | श्री रवीन्द्र सुनार | |
| २५ | सचिव (प्र.प्र.अ.) | श्री पोषण लामिछाने | |
| २६ | अधिकृत | श्री यादव खनाल | |

बैठक संख्याः ६५

आज मिति २०८२ साल असार ५ गते बिहीबार दिनको ३:०० बजे देहायका विषयहरूमा छलफल गर्न नगर प्रमुख श्री शान्ति रत्न शाक्यज्यूको अध्यक्षतामा निम्नानुसारका सदस्यहरूको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरू गरेको छ।

-:: उपस्थिति ::-

| क्र.सं. | पद | नाम,थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्ति रत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा दाहाल | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री राम प्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | का.वा. सदस्य (वडा नं. ४) | श्री प्रेमकाजी श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | का.वा.सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्र बहादुर खड्का | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री राम बहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री राम लाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री सुभद्रा बजगाईं | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योती बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २४ | सदस्य | श्री रवीन्द्र सुनार | उपस्थित |
| २५ | सचिव (प्र.प्र.अ.) | श्री पोषण लामिछाने | उपस्थित |
| २६ | अधिकृत | श्री यादव खनाल | उपस्थित |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

-:: छलफलका विषयहरू ::-

१) बनेपा नगरपालिकाको १६ औं नगरसभाका लागि प्रस्तावित नीति, योजना, कार्यक्रम तथा बजेट सम्बन्धमा।

२) विविध।

-:: निर्णयहरू ::-

<u>निर्णय नं. १:</u>

गत बैठकबाट भएका निर्णयहरूको प्रगति समीक्षा गरियो।

<u>निर्णय नं. २:</u>

आगामी आ.व. २०८२/०८३ का लागि कार्यपालिका बैठकसमक्ष प्रस्तावित नीति तथा कार्यक्रमहरु स्वीकृत गरी अनुमोदनका लागि नगरसभाको १६ औं अधिवेशनमा प्रस्तुत गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ३:</u>

बनेपा नगरपालिकाको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठकबाट निर्णय भई पेश हुन आएको बनेपा नगरपालिकाको आगामी आ.व. २०८२/०८३ का लागि कूल रू. १ अर्ब २४ करोड ६५ लाख १३ हजार २ सय ८६ रूपैयाँ २० पैसा आय-व्यय भएको बजेट, योजना तथा कार्यक्रम स्वीकृत गरी नगरसभाको १६ औं अधिवेशनमा टेबल गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ४:</u>

बनेपा नगरपालिकाको राजस्व परामर्श समितिको बैठकबाट सिफारिस भई पेश हुन आएको कर तथा गैरकर राजस्वका श्रोत तथा दररेट समावेश भएको बनेपा नगरपालिकाको आर्थिक विधेयक, २०८२ र श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठकबाट निर्धारित बजेट सिलिङका आधारमा बजेट तथा कार्यक्रम तर्जूमा समितिबाट सिफारिस भई पेश हुन आएको विनियोजन विधेयक, २०८२ उप-प्रमुख विमला सापकोटा दाहालज्यूबाट नगरसभाको १६औं अधिवेशमा पेश गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ५:</u>

मिति २०८१ साल भदौ २६ गते बसेको कार्यपालिकाको बैठकबाट गठन भएको सहकारी अनुगमन तथा छानविन समितिका विज्ञ सदस्यको सम्झौता बमोजिमको पारिश्रमिक रू. ५० हजार र अन्य सदस्यहरुको सेवा सुविध समितिले आफ्नो कार्य सम्पन्न गरी प्रतिवेदन समेत बुझाई सकेकोले भुक्तानी गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ६:</u>

बनेपा नगरपालिका नगरसभाको १६ औं अधिवेशनका लागि तपसिल बमोजिम कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

उपप्रमुख

प्रमुख

बनेपा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बनेपा, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

तपसिल

| क्र.सं. | कार्यक्रम | समय | कैफियत |
|---|---|---|---|
| १ | नगरसभा सदस्यहरूको उपस्थिति प्रमाणीकरण | ७:५०-८:०० | |
| २ | बिहानको चिया खाजा | ८:००-८:२० | |
| ३ | नगरसभा सदस्यहरूको सभाकक्ष प्रवेश | ८:२०-८:२५ | |
| ४ | उपप्रमुख, सदस्य सचिव र सभा सदस्यहरूको स्वागत तथा आशन ग्रहण | ८:२५-८:३० | |
| ५ | नगरसभा सदस्यहरुले पालना गर्नुपर्ने आचार संहिता सम्बन्धी जानकारी | ८:३०-८:३५ | |
| ६ | सभाध्यक्ष (नगर प्रमुख) को सभाकक्षमा प्रवेश र स्वागत सहित आशन ग्रहण | ८:३५-८:४० | |
| ७ | राष्ट्रियगान तथा नगरगान | ८:४०-८:४५ | |
| ८ | सहिदको सम्झनामा मौनधारण | ८:४५-८:४६ | |
| ९ | सभाध्यक्षज्यूबाट दीप प्रजलन गरी सभा प्रारम्भ (मंगल धुन) | ८:४६-८:५० | |
| १० | सदस्य सचिवज्यूबाट सभा संचालनका लागि सभाध्यक्षसमक्ष अनुरोध | ८:५० | |
| ११ | सभाध्यक्षद्वारा नीति तथा कार्यक्रम सभासमक्ष प्रस्तुत | ८:५०-११:०० | |
| १२ | नीति तथा कार्यक्रम उपर छलफलमा भाग लिने सभासदहरूलाई सभाध्यक्षद्वारा समय प्रदान | ११:००-११:२० | |
| १३ | नीति तथा कार्यक्रम उपर छलफलमा सहभागी सभासदहरूद्वारा उठाएका सवालहरुको उपप्रमुख र सभाध्यक्षबाट सम्बोधन | ११:२०-११:३० | |
| १४ | नीति तथा कार्यक्रम अनुमोदनका लागि सभाध्यक्षद्वारा सभासमक्ष प्रस्ताव पेश | ११:३० | |
| १५ | आ.व. २०८२/०८३ का लागि प्रस्तावित नीति तथा कार्यक्रम सर्वसम्मतिले पारित भएको घोषणा | ११:३५ | |
| १६ | सभाध्यक्षद्वारा सभासमक्ष शुन्य समय प्रारम्भ भएको जानकारी<br>(शुन्य समयमा समसामयिक ज्वलन्त विषयमा आफ्नो धारणा राख्न चाहने सदस्यहरूलाई समय प्रदान) | ११:३५-११:५० | |
| १७ | शुन्य समयमा उठेका सवालहरूको सभाध्यक्षज्यू र उपप्रमुखज्यूबाट सम्वोधन | ११:५०-१२:०० | |
| १८ | बनेपा नगरपालिकाको आ.व. २०८२/०८३ का लागि प्रस्तावित आर्थिक विधेयक पेश गर्न आदरणीय उपप्रमुखज्यूलाई सभाध्यक्षबाट समय उपलब्ध गराउने। | १२:००-१२:२० | |
| १९ | बनेपा नगरपालिकाको आ.व. २०८२/०८३ का लागि प्रस्तावित विनियोजन विधेयक पेश गर्न आदरणीय उपप्रमुखज्यूलाई सभाध्यक्षबाट समय उपलब्ध गराउने। | १२:२०-१२:४० | |

प्रमुख प्रशासकीय अधिकृत

उपप्रमुख

प्रमुख

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| २० | सभाध्यक्षबाट नगरसभाको १६ औं अधिवेशनको पहिलो बैठक समापन भएको घोषणा र दोस्रो बैठक मिति २०८२ असार २५ गते बुधबार बिहान ८:०० बजे बस्ने जानकारी। | १२:४०-१३:०० | |
| | **खाना खाजा कार्यक्रम** | | |

**निर्णय नं. ७:**

बनेपा नगरपालिका वडा नं. १० बस्ने हर्क बहादुर खड्का पक्ष र ऐ.ऐ. बस्ने विष्णु लक्ष्मी खड्का समेत विपक्षी भएको रूख कटाई हटाई भवनको सुरक्षा गरिपाउँ भन्ने विषयको मुद्दामा बनेपा नगरपालिका न्यायिक समिति र काभ्रेपलाञ्चोक जिल्ला अदालतको फैसला कार्यान्वयन गर्न सम्बन्धित पक्षलाई जानकारी गराई सो सम्बन्धमा आवश्यक सहजीकरण गर्ने निर्णय गरियो।

**निर्णय नं. ८:**

बनेपा नगरपालिकाको नगरसभाको १६ औं अधिवेशन बस्ने मिति २०८२ असार ६ गते शुक्रबारका दिन बनेपा नगरपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरूमा अत्यावश्यक बाहेक सेवा स्थगन गर्ने निर्णय गरियो।

**निर्णय नं. ९:**

बनेपा नगरपालिका क्षेत्रभित्र द्वन्द्व निवारण कार्यक्रम सहयोग तथा सहजीकरण गरे गराए वापत प्राकृतिक श्रोत तथा द्वन्द्व रूपान्तरण केन्द्रलाई बहुसरोकारवाला विवाद समाधान विषयको शीर्षक बाट रू. ४५ हजार उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १०:**

आर्थिक वर्ष २०८२/०८३ का लागि १ देखि १४ नं. वडाका सूचीकृत ५६ मेलमिलापकर्ताहरूको विवरण अद्यावधिक गरी स्वीकृति गर्ने निर्णय गरियो।

**निर्णय नं. ११**

आर्थिक वर्ष २०८१/०८२ मा उपभोक्ता समिति मार्फत संचालित योजनाहरू सम्पादन गर्ने म्याद २०८२/०३/२० सम्म थप गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

उपप्रमुख

प्रमुख

बनेपा नगरपालिका नगरकार्यपालिकाको कार्यालय बनेपा, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल